# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ८ ] काठमाडौं कार्तिक १८ गते २०१५ साल [ संख्या २८

## कानून तथा संसदीय प्रवन्धमन्त्रालय

श्री ५ को सरकारबाट निर्वाचन आयोगको सल्लाहले जनप्रतिनिधित्व नियमावली, २०१५ मा तल लेखिऐबमोजिम संशोधन गरिएकोले सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

## जनप्रतिनिधित्व नियमावली (प्रथम संशोधन) २०१५

जनप्रतिनिधित्व नियमावली, २०१५ ( यसपछि मूल नियमावली भनिएको ) मा संशोधन गर्न आवश्यक देखिएकोले श्री ५ को सरकारले निर्वाचन आयोगको सल्लाह लिई देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः— [१] यी नियमहरूको नाम जनप्रतिनिधित्व नियमावली ( प्रथम संशोधन ) २०१५ रहेको छ ।

[२] यी नियमहरू तुरून्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमावलीमा संशोधनः— मूलनियमावलीको नियम २४(३),२७(३), २८(२),४२,५६(२),५६(३),६०(१),७५(ङ),७८,८४(१) र १०६ को सट्टा देहायको नियम २४(३),२७(३),२८(२),४२,५६(२),५६(३),६०(१),७५(ङ),७८,८४(१) र १०६ राखिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[क] २४(३) एक निर्वाचनक्षेत्रको मतदाताले अर्को निर्वाचनक्षेत्रको उम्मेदवार हुन चाहेमा नोमिनेशनपत्र पेश गर्दा वा नोमिनेशनपत्रहरू जाँच हुँदा आफू मतदाता भएको निर्वाचनक्षेत्रको नामावलीको आफ्नो नाम परेको आवश्यक अंश वा त्यसको रीतपूर्वकको नक्कल पनि पेश गर्नु पर्छ। यस्तो नक्कल सरोकारवाला नामावली रजिष्ट्रेशन अफिसरबाट फाराम नं. ७ मा प्रमाणित भएको हुनुपर्छ।

[ख] २७(३) कुनै उम्मेदवारको नोमिनेशनपत्रमा रीतपूर्वक निर्वाचन चिन्हहरू जनिएको नभएतापनि रिटर्निङ अफिसरले सो कुराको वास्ता राख्न पर्दैन।

[ग] २८ (२) रिटर्निङ अफिसरले दाखिल हुन आएको नोमिनेशनपत्रमा त्यसको क्रम संख्या र आफूले सो बुझेको मिति राखी सहीछाप गर्नु पर्छ र सोही दिन उम्मेदवारको नोमिनेशनपत्रमा लेखिए बमोजिम नाम थर वतन इत्यादि खोली फाराम नम्बर ८ बमोजिमको नोमिनेशनपत्र पेश भएको सूचना आफ्नो अफिसमा सर्वसाधारणले देख्ने ठाउमा टाँस्न लगाउने छन्।

[घ] ४२ मत लिनु भन्दा अगाडि उम्मेदवारको मृत्यु:- कुनै निर्वाचन क्षेत्रमा मनोनीत भएका कुनै उम्मेदवार परलोक भएमा र मतदानको काम शुरू हुनु अगावै रिटर्निङ अफिसरले सो कुरा थाहा पाएमा निजले लिखित आदर दिई त्यस निर्वाचन क्षेत्रमा मतदानको काम रोकी निर्वाचन आयोगमा रिपोर्ट गर्नु पर्छ। यस्तो अवस्थामा निर्वाचन आयोगले फेरि सबै कारवाई नयाँ सिलसिलाबाट गर्न आदेश रिटर्निङ अफिसरलाई दिनेछ।

तर सो रोक्का भएको निर्वाचनको निमित्त नोमिनेशनपत्र स्वीकृत भइसकेको उम्मेदवारले फेरि अर्को नोमिनेशनपत्र पेश गरिरहनु पर्दैन। तर सो निर्वाचनमा नियम ३० अनुसार नाम फिर्ता लिएका र नियम ४२ अनुसार नाम कटाएका उम्मेदवारले फेरि नोमिनेशनपत्र पेश गर्न वा गराउन पाउनेछ।

[ङ] ५६ (२) देब्रेहातको चोर औंलामा सो औंला नभए अरू कुनै औंलामा नमेटिने मसीको चिनो लागेको मतदातालाई फेरि मतदानपत्र दिन हुँदन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुनै मतदाताले आफ्नो औंला जाँच्न नदिएमा सो जांची सकेपछि त्यसमा नमेटिने मसी लगाउन नदिएमा वा लगाएको चिनो मेटन कुनै उद्योग गरेमा निजलाई मतदानपत्र दिन हुदैन । निजले सो निर्वाचनमा मत दिन पाउने छैन ।

[च] ६० (१) नियम ५७ बमोजिम नामावली जाँची सकेपछि मत दिन पाउने मतदाताहरू मतदानपत्र जिम्मा लिने पोलिङ्अफिसर छेउ जानुपर्छ र सो अफिसरले निजको देब्रेहातको चोर औंलामा सो औंला नभए अरू कुनै औंलामा नमेटिने मसीले चिनो लगाई एउटा मतदानपत्र दिनेछ ।

[छ] ७५ (ङ) हरेक मत लिने स्थानको सबै उम्मेदवारहरूको ब्यालेट बक्सहरू मध्ये एकजना उम्मेदवारको बक्स खोली गन्ति गरिसकेपछि अर्को उम्मेदवारको बक्स खोली गन्ति गर्ने गरी मत गन्ति गर्नुपर्छ । एक पटकमा एउटा मत लिने स्थानको ब्यालेट बक्सहरू खोलिसकेपछि मात्र अर्को मत लिने स्थानको ब्यालेट बक्स लेखिएबमोजिम गरी खोल्नु पर्दछ ।

[ज] ७८ मत गन्ति गर्ने काम लगातार जारी राख्नेः- रिटर्निङ अफिसरले मतगन्ति गर्ने काम सकेसम्म लगातार जारी राखी सिध्याउनुपर्दछ। कुनै कारणले मत गन्ति गर्ने काम बीचैमा रोक्नु परेमा रिटर्निङ अफिसरले मतदानपत्रहरू पुलिन्दाहरू र निर्वाचन सम्बन्धी अरू कागजातहरू बन्द गरी त्यसमा आफ्नो र उम्मेदवार वा निजको निर्वाचन एजेण्टले चाहे निजको समेत लाहाछाप लगाउनुपर्दछ र त्यसको हिफाजतको लागि आवश्यक प्रबन्ध गर्नु पर्दछ । अर्को दिन मुकर्रर गरी मत गन्ति गर्ने समयको सूचना सरोकारवाला उम्मेदवारहरूलाई दिई नियम ७५ को रीत पुऱ्याई मत गन्ति गर्ने काम सिध्याउनु पर्दछ ।

[झ] ८४ (१) नियम ८२ (२) अनुसार रिटर्निङ अफिसर जिम्मा राखिएको बन्दी खामहरू एक वर्षसम्म हिफाजतसाथ राख्नुपर्छ । तर कुनै निर्वाचन क्षेत्रको निर्वाचन बारेमा निर्वाचन उजुरीपत्र पेश भएमा ट्राइबुनलको फैसला वा आदेश लागू भएको मितिदेखि एक वर्षसम्म र ऐनको दफा ५० अनुसार सर्वोच्च अदालतमा अपील परेमा सर्वोच्च अदालतको फैसला वा आदेश लागू भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मितिदेखि एकवर्ष सम्म सो निर्वाचन क्षेत्रको निर्वाचन सम्बन्धी बन्दी खामहरू हिफाजतसाथ राख्नुपर्दछ ।

[ञ] १०६ विरोधपत्रमा टिकट टास्नु पर्ने र नोमिनेशनपत्रमा दस्तूर दाखिल गर्नुपर्ने :—(१) नियम १० बमोजिम विरोधपत्र पेश गर्दा सो विरोध पत्रमा रु १ को टिकट टास्नुपर्दछ ।

(२) नियम २४ बमोजिम नोमिनेशनपत्र पेश गर्न नोमिनेशन-पत्रको फाराम प्राप्त गर्नु परेमा रिटर्निङ्ग अफिसर कहाँ रु एक दाखिल गरी खरीद गर्नु पर्दछ ।

आज्ञाले—
नयनबहादुर खत्री
श्री ५ को सरकारका सचिव
कानून तथा संसद्य प्रबन्ध मन्त्रालय.

## कानून तथा संसदीय प्रवन्ध मन्त्रालय

अन्तरीम शासन विधानको दफा ३३ अनुसार श्री ५ महाराजाधिराज-बाट सल्लाहकार सभाका सदस्यमा मनोनीत गरिबक्सेको सदस्यहरूको नामा-वली सवसाधारण जनताको जानकारीका लागी प्रकाशित गरिएको छ ।

पाल्पा

श्री अच्युतराज रेग्मी । श्री पद्मचन्द्र श्रेष्ट । डा. श्यामकृष्ण मल्ल ।

धनकुटा

श्री सूर्यबहादुर थापामुगा । श्री रामनारायण श्रेष्ठ । श्री इन्द्रबहादुर बस्नेत ।

पाल्हीमाझ खण्ड

श्री पृथ्वीराज कंडेल । श्री रमेशचन्द्रमणि त्रिपाठी । श्री मदनबहादुर प्रधान।

म. स. गो

श्री बनारसी साहू सुडी । श्री रामहरि जोशी । श्री बृक्षलाल सिंह ।

सप्तरी

डा. नागेश्वर प्रसाद सिंह । श्री चतुरनारायण चौधरी । श्री बुनीलाल महतो ।

बिराटनगर

श्री नगेन्द्रप्रसाद रिजाल । श्री केदारनाथ खनाल । श्री अनिरुद्ध बिश्वास थारू ।

ZCO

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बीरगञ्ज

शा. हिरण्यबिक्रम शाह। श्री नेत्र शम्शेर। श्री ऋषिप्रसाद भण्डारी।

पश्चिम १ नम्बर

श्री महेन्द्र बहादुर महत। श्री वासुदेव उपाध्याय।

पश्चिम ३ नंबर

श्री चन्द्रमान थकाली। श्री श्रीकान्त अधिकारी।

पूर्व १ नंबर

श्री नेत्रबिक्रम थापा। श्री चित्रमान सिंह।

डोटी

क. प. कृष्णबहादुर मल्ल। श्री लक्ष्मीदत्त भट्ट।

इलाम

श्री पद्मबहादुर देवान। श्री गणेशप्रसाद रिजाल।

कैलाली कञ्चनपुर

सुब्बा दिलीप सिंह मल्ल। श्री कुन्कुराम महतो।

बाँके वर्दिया

सरकार बक्स कुर्मि चौधरी। श्री योगेश्वर मित्र।

शिवराज तौलिहवा

श्री शिवप्रताप शाहा। श्री देवकुमार भारती।

झापा

श्री स्वयम्भुलाल श्रेष्ठ श्री कालीप्रसाद गणेश।

चिसापानी गढी

श्री नरबहादुरबिष्ट।

गुल्मी

श्री काशीनाथ गौतम।

बाग्लुङ

रा. हिराबहार खड्का।

डडेलधुरा

श्री जयानन्द शर्मा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बैतडी

श्री कृष्णलाल लेखक ।

प. ४ नं.

श्री जमान सिंह गुरुङ ।

पू. ४ नं.

श्री दानबहादुर शाक्य ।

दाङ

श्री भरतमणि शर्मा ।

सल्यान

श्री बलभद्र गिरी ।

उदयपुर गढी

पं. चन्द्रमणि उपाध्याय ।

पूर्व २ नं.

श्री डमरजङ्ग श्रेष्ठ ।

प्यूठान

श्री टेकबहादुर बिष्ट क्षेत्री ।

जुम्ला

श्री अदनसिंह कथायत क्षेत्री ।

पश्चिम २ नं.

श्री खिलनाथ उपाध्याय ।

पूर्व ३ नं.

श्री माष्टर पद्मबहादुर कार्की ।

दैलेख

श्री केशर बहादुर शाह ।

काठमाडौं

श्री हीराप्रसाद जोशी । श्री धनमानसिंह परियार । श्री कृष्णबहादुर भट्ट खत्री ।

ललितपुर

सुबेदार देवीबहादुर खत्री । श्री बद्रीमेहर श्रेष्ठ ।

452

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भक्तपुर

श्री हर्षबहादुर प्रजापति । श्री नेत्रनाथ शर्मा ।

नेपाल राष्ट्रवादी गोरखा परिषद्

श्री मृगेन्द्र शमशेर ज. ब. रा. । श्री युगेश्वरप्रसाद वर्मा ।

नेपाली कांग्रेस

श्री सूर्यप्रसाद उपाध्याय । श्री कृष्णप्रसाद उपाध्याय ।

नेपाल कम्यूनिष्ट पार्टी

श्री कम्मर शाह । श्री कमलराज रेग्मी ।

नेपाल प्रजा परिषद्

श्री काशीराज उपाध्याय । श्री शेमन्तराज शर्मा ।

नेपाल राष्ट्रिय कांग्रेस

श्री कृष्णप्रसाद रिमाल । श्री कीर्तिनिधि विष्ट ।

आज्ञाले,
नयनबहादुर खत्री क्षत्री
श्री ५ को सरकारका सचिव,
कानून तथा संसदीय प्रबन्ध मन्त्रालय,

गोरखापत्र छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२८४

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।